प्रस्तावहरु

१. आगामी आ. ब. २०७६/७७ को बजेट सम्बन्धमा ।

२.आर्थिक विधेयक २०७६ र विनियोजन विधेयक २०७६ सम्बनधमा ।

३. खर्च अनुमोदन सम्बन्धमा ।

४. करारका कर्मचारीहरुको म्याद थप सम्बनधमा ।

५. प्रोत्साहन भत्ता सम्बनधमा ।

६. योजना संसोधन सम्बन्धमा ।

७  जिल्लास्तरिय राष्ट्रपति कप खेलकुद सम्बनधमा ।

८  विद्यालय क्षेत्रविकास कार्यक्रम सम्बन्धमा ।

९  यूवा सोरोजगारको नाम संसोधन सम्बन्धमा

१० सूचना प्रविधि अधिकृतको तलब सम्बन्धमा ।

निर्णय नम्वर १.

प्रस्ताव नम्बर १ माथि छलफल गर्दा आगामी आ. ब. २०७६।७७ को लागि संलग्न आय तथा ब्यय अनुमानको सूचि अनुसारको कुल बजेट रु ४५,१०,७८,३२६लाइ पारित गरि मिति २०७६।०३।२२ गते बस्ने नगरसभको बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नम्वर २.

प्रस्ताव नम्बर २ माथि छलफल गर्दा आगामी आ. ब. २०७६।७७ को लागि राजस्व परामर्श समितिको निर्णयबाट प्रस्तावित करको दर र दाएरालाइ समाबेश गरि तयार पारिएको आर्थिक विधेयक २०७६ र विनियोजन विधेयक २०७६ लाइ पारित गरि मिति २०७६।०३।२२ गते बस्ने नगरसभको बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ३.

प्रस्ताव नम्बर ३ माथि छलफल गर्दा संलग्न सूचिअनुसारको चालु आ. ब. को सम्पुर्ण खर्च तथा आ. ब. को विचमा संसोधित कार्यक्रम अनुमोदन गरि मिति २०७६।०३।२२ गते बस्ने नगरसभको बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नम्वर ४.

प्रस्ताव नम्बर ४ माथि छलफल गर्दाहाल करारमा कार्यारत कर्मचारीहरु नगरपालिकाको दैनिक कामकाजकोलागि तत्काल अत्याबसेक भएकोले लोकसेवा आयोगबाट कर्मचारीहरु सिफारिस भइ आएपछि वा अन्य ब्यवस्था भएपछि स्वतः अबकाश हुनेगरि निजहरुको २०७६।०४।०१ देखि ६ महिनासम्मको म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ५.

प्रस्ताव नम्बर ५ माथि छलफल गर्दा देहायका कर्मचारीहरुले यस नगरपालिकाको बृहत्तर विकस र समुन्नतिको लागि तयार पारिएको आ ब २०७६।७७ को नीति तथा कार्यक्रम एबं बजेट निर्माणगर्ने कार्यमा अहोरात्र खटिइ योगदान गर्नुभएकोले निजहरुलाइ खाइपाइ आएको एक महिनाको तलब बराबरको रकम प्रोत्साहन स्वरुप उपलब्त्रध गराउने निर्णय गरियो ।

१ प्रमुख प्रशासकीय अधिकृत श्री नर बहादुर खड्का

२ उपसचिब प्रा श्रीप्रसाद भट्टराइ

३ इन्जिनिय श्री उत्तम सुवेदी

४ अधिकृत छैठौ लेखा श्री विष्णुहरी न्यौपाने

५ स इ श्री ठाकुरकृष्ण घिमिरे

६ कम्प्यूटर अपरेटर श्री संजय पौडेल

७ अधिकृत छैठौ श्री सुर्यप्रसाद पौडेल

निर्णय नम्बर ६.

प्रस्ताव नम्बर ६ माथि छलफल गर्दा मिति २०७६।०२।२२ गतेको कार्यपालिका बैठकको निर्णयअनुसार चायपानी कुलो तथा बेलबोटे पोखरी निर्माण मध्यनेपाल ९ लाइ रु १००००० ( एकलाख )विनियोजन गरिएकोमा चायपानी कुलोको काम तत्काल हुनसक्ने अबस्था नरहेकोले उक्त योजनालाइ संसोधन गरी कोलबोटे पोखरी तथा धारा निर्माण गर्न रु ५०,००० ( पचास हजार ) उपलब्ध गराइएको कार्यलाइ समर्थन गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ७.

प्रस्ताव नम्बर ७ माथि छलफल गर्दामिति २०७६।०३।२३ गतेबाट यस जिल्लाको सुन्दरबजार नगरपालिकामा संचालन हुनलागेको जिल्लास्तरिय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा यस नगरपालिकाबाट सहभागिहुने खेलाडीहरुको खाना, खाजा, बास तथा अन्य ब्यबस्थापनकोलागि मौजदात रकमबाट रु १,५०,०००।- (एकलाख पचासहजार मात्र) विनियोजन गर्ने र उक्त खेलकुद कार्यक्रमको संयोजन नगरपालिकाको तर्फबाट शिक्षा तथा खेलकुद शाखा प्रमुख श्रीप्रसाद भट्टराइ तथा वडा नं ६ र १० का वडाध्यक्षहरु क्रमश श्री विष्णुभक्त पौडेल र श्री रामचन्द्र भण्डारीले गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ८.

प्रस्ताव नम्बर ८ माथि छलफल गर्दा आ.व. २०७५।७६ को ससर्त अनुदान तर्फको विद्यालय क्षेत्रविकाश कार्यक्रम अन्तर्गत निम्नलिखित कार्यक्रमहरुकालागि देहायका विद्यालयहरु छनोट भएकाले छनोट भएका विद्यालयलाइ कार्यक्रममा तोकीएको देहाय अनुसारको रकम उपलब्ध गराउने निर्णय गरियो ।

उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाइ अनुदान(दुइ विद्यालय- प्रति विद्यालयरु दुइलाख)

१ श्री भैरवकाली माध्यमिक विद्यालय, दुइपिप्ले

२ श्री मंगला माध्यामिक विद्यलय, सोतिपसल

कार्यसम्पादनमा आधारित अनुदान ( एक विद्यलय- रु पचासहजार )

१ श्री जनमन्दिर माध्यामिक विद्यालय, चिसंखु

निर्णय नम्बर ९.

प्रस्ताव नम्बर ९ माथि छलफल गर्दानगर प्रमुख यूवा सोरोजगारको कार्यक्रम वितरण गरिएको मित २०७६।०२।२२ को कार्यपालिकाको निर्णय नं. १४मा वडा नं ८ का गोपाल गुरुङ भनिएकोमा निजको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम हर्कजंग गुरुङ उल्लेख भएकोले गोपाल गुरुङलाइ संसोधन गरी हर्कजंङ गुरुङ कायम गर्ने निर्णय गरियो ।

निर्णय नम्बर १०

प्रस्ताव नम्बर १० माथि छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानिय शासन तथा सामुदायिक विकाश कार्यक्रम (LCDP) कार्यक्रम समन्वय इकाइको च नं १५९ मिति २०७६।०६।१५ र च नं ३९८ मिति २०७५।०९ २९ को पत्रअनुसार सूचना प्रविधि अधिकृतको तलब, चाडपर्व खर्च तथा पोशाक भत्ता बापतको २५ प्रतिशत रकम सम्बन्धित नगरपालिकाले ब्यहोर्नुपर्ने भनिएकोले यस कार्यालयका सूचना प्रविधि अधिकृत आकाश गुरुङको मिति २०७५ साल श्रावण महिनादेखि २०७६ साल असार महिनासम्मको रा प तृतिय श्रेणीका अधिकृतलाइ तोकिएको तलब, चाडपर्व खर्च तथा पोशाक भत्ता बापतको २५ प्रतिशत रकम उपलब्ध गराउने निर्णय गरियो ।